मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, पर्सा
विरगंज, पर्सा

फोन नं. ०५१-५२१८७९
इमेल: agriscienceparsa@gmail.com

सूचना! सूचना!! सूचना!!!

बीउ बिजन आत्मनिर्भर कार्यक्रम संचालन सम्वन्धि विस्तृत सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८३/०७/१०

यस कृषि ज्ञान केन्द्र, पर्साको चालु आ.व. २०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "बीउ बिजन आत्मनिर्भर कार्यक्रम सञ्चालन गर्न ईच्छुक मूल/प्रमाणित/उन्नत बीउ बिजन उत्पादन तथा बजारीकरणको लागि इजाजतपत्र प्राप्त गरेका कृषि सहकारी वा कृषक समूह वा फार्म वा कम्पनी वा उद्योगले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०८३/०८/०९ गते) भित्र तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि कार्यालयको आधिकारिक वेबसाइट https://parsa.akc.gov.np/ मा भिजिट गरि प्राप्त गर्न सकिनेछ । कार्यक्रमहरुको आवेदन/प्रस्ताव/स्वघोषणा फारामको नमूना ढाँचा वेबसाइटको डाउनलोड अप्सनमा राखिएको छ ।

तपसिलः

१. संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
२. मूल/प्रमाणित/उन्नत बीउ बिजन उत्पादन तथा बजारीकरणको लागि प्राप्त इजाजतपत्रको प्रतिलिपी,
३. स्थानीय तह/कृषि शाखा/ बडा कार्यालयको सिफारिस,
४. लाभान्वित वर्गको बीउ बिजनको क्षेत्रमा अनुभव
५. लाभान्वित वर्गको लगानीको सुनिश्चितता,
६. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/संख्या,
७. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि। एक वर्षभन्दा पुरानो लाभग्राहीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
८. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गा धनीपूर्जाको प्रतिलिपि,
९. आवेदक संस्थाले गर्नु पर्ने बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा आफै सक्षम भएको अवस्थामा बैंक खाताको स्टेटमेन्टको प्रतिलिपि,
१०. अनुसूचि-२ बमोजिमको निवेदन तथा अनुसूचि-३ बमोजिमको प्रस्ताव

सञ्चालन हुने क्रियाकलाप वा विषयगत क्षेत्रहरु

(क) मूल/स्रोत/प्रमाणित/उन्नत बीउ उत्पादन कार्यक्रमः आवश्यक पूर्वाधार तथा अन्य व्यवस्थापनमा सहयोग ।

(ख) पोष्टहार्भेष्ट सेन्टर स्थापना (गोदाम भवन, बीउ सुकाउने Floor स्थापना गर्न आर्थिक वस्तुगत प्रोत्साहन ।

(ग) खाद्यान्न, दलहन र तेलहन बालीको गुणस्तरीय बीउ उत्पादनका लागि ड्राईङ्ग, प्रशोधन, बीउ परीक्षण, ट्रिटीड, प्याकेजिङ, लेबलिङ, ढुवानी, भण्डारण, वितरण तथा बजारीकरण सम्बन्धी कार्यहरु।

नोटः अधिकत्तम अनुदान "बीउ बिजन आत्मनिर्भर कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३" अनुसार हुनेछ । अनुदानको सिमा उल्लेख नगरिएको हकमा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७) अनुसार हुनेछ । झुटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द गरिनेछ। प्रस्ताव स्वीकृति गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा रहने छ ।

राम जीवन ठाकुर
प्रमुख